इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशुपन्छी विकास शाखा
इटहरी, सुनसरी, १ नं. प्रदेश,नेपाल

सम्पर्क फोन-०२५५८०४७४

प.सं. २०७७/०७८

# प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/०९**

प्रस्तुत विषयमा इटहरी उप-महानगरपालिका पशुपन्छी विकास शाखा इटहरी, सुनसरी को आ.व. २०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन कार्यविधि बमोजिमका शर्तहरु पालना गरी कार्यक्रमहरू कार्यन्वयन गर्नका लागि इटहरी उप-महानगरपालिकाभित्रका ईच्छुक समूह/समिति/सहकारी/निजि व्यवसायिक फार्म/कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्वन्धित कार्यविधि अनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

थप जानकारीका लागि यस इटहरी उप-महानगरपालिका पशुपन्छी विकास शाखा इटहरी, सुनसरीमा वा ०२५५८०४७४ सम्पर्क गर्न सकिनेछ ।

**कार्यक्रम विवरण:**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रू. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|
| १ | साझेदारीमा उन्नत गाई/भैसी खरिद (गाई/भैसी पकेट कार्यक्रम) | ५७ | ३०,०००/- प्रति गाई/भैसी | नगरभित्रका वडा नं. ३, ४, ५, ७, ८, १३ का गाई/भैसी पालक कृषकहरूले मात्र आवेदन गर्न पाउने छ । |
| २ | प्रजनन् योग्य वंगूर भुनी खरिद (गिल्ट) (बंगूर पकेट कार्यक्रम) | ३० | १४,०००/- प्रति गिल्ट (बंगूर भुनी) | नगरभित्रका वडा नं. १०, ११, ७, १९ नं. का वंगूर पालक कृषकहरूले मात्र आवेदन गर्न पाउने छ । |
| ३ | सामूहिक पशुपालन कार्यक्रम | २ | २,५०,०००/- प्रति समूह | नगरभित्रका सम्पूर्ण वडाका समूह/समिति/सहकारी वा २ वा २ भन्दा माथिको संख्यामा युवा/युवातीको समूहले सामूहिक पशुपन्छी पालन व्यवसाय गर्ने सामूहिक प्रतिवद्धताको निर्णय वा पत्र भएको । |
| ४ | प्रस्तावनाको आधारमा युवा लक्षित कार्यक्रम (विदेशबाट फर्केका/साझेदारी कार्यक्रम) | मागको आधार मा | निजि फार्मको लागि प्रति फार्म १,००,०००/-, सामूहिक पशुपन्छी पालन व्यवसायको लागि प्रति व्यवसाय २,५०,०००/- | नगरभित्रका सम्पूर्ण वडाका समूह/समिति/सहकारी वा २ वा २ भन्दा माथिको संख्यामा युवा/युवातीको समूहले सामूहिक पशुपन्छी पालन व्यवसाय गर्ने सामूहिक प्रतिवद्धताको निर्णय वा पत्र भएको । (युवा/युवतीहरूलाई प्राथमिकाता दिईनेछ) |
| ५ | ७५%अनुदान हिउँदे घाँस वितरण | मागको आधार मा | | सम्पूर्ण वडाका गाई/भैसी/वाख्रा पालक कृषकहरू |
| ६ | गाई/भैसीलाई सुत्केरी पोषण वितरण | १०० | | सम्पूर्ण वडाका गाई/भैसी पालक कृषकहरू (विगत आ.व.का आवेदकहरूले आवेदन गर्न पाउने छैन) |

कृष्ण प्रसाद सापकोटा
प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

<u>निवेदनसाथ संलग्न कागजातहरु:</u>

१. तोकिएको ढाचा वमोजिम रू. १० को हुलाक टिकट टाँस गरेको निवेदन - १
२. संक्षिप्त कार्ययोजना – १ (३ र ४ नं. कार्यक्रमको लागि)
३. कार्यक्रम कार्यन्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि – १
४. एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मन्जुरी दिने र लिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १/१
५. लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० वर्ष अवधिको करारनामा वा सम्झौता पत्र - १
६. नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १
७. समबन्धित संस्थाको सिफारिस – १ (गाई/भैसी सुत्केरीको लागी)
८. समूह/समिति/सहकारी/निजि व्यवसाय दर्ता प्रमाणपत्र – १
९. समूह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि - १
१०. वडा कार्यालयको सिफारिस -१
११. पशु विमा लेख- १ (गाई/भैसी सुत्केरी लागी)
१२. लागत साझेदारीको प्रतिवद्धता पत्र - १

कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत